॥श्री॥

# श्री सप्तरी जिल्ला अदालत

तहसील शाखा

फोन नं५२३६८७-०३१-.
मोवाईलः९८४२०७३८८३ -
ईमेलः -tahasil.saptaridc@dcourt.gov.np

प.संख्या :
चलानी नं.

मिती :- २०७३।०९।१२

## सूचना। सूचना।। सूचना।।।

**बिषयः- जरिवाना तथा सरकारी बिगो समेतका बाँकी बक्यौता बुझाउने सम्बन्धमा।**

उपर्युक्त बिषयमा यस अदालतको विभिन्न मितिको फैसला अनुसार र अन्य अदालत तथा न्यायाधिकरणबाट बिभिन्न मितिमा भएको फैसला अनुसार तिर्न बुझाउन पर्ने ठहरेको दण्ड जरिवाना, सरकारी बिगो तथा सरकारी बाँकी सरहको कोर्ट फि यस अदालतको लगत किताबमा लगत कसिएकाले तिर्नु बुझाउनु पर्ने प्रयोजनका लागि सम्बन्धीत सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७(२) बमोजिम यो सूचना प्रकाशित भएका मितिले निम्न बमोजिमको समय भित्र जरिवाना बुझाउन आएमा तिर्नु बुझाउनु पर्ने जरिवानामा छुट सुविधा प्राप्त हुने व्यहोरा समेत सम्बन्धीत सबैमा सूचित गरिन्छ ।

<u>समायावधि र छुट प्रतिशत</u>

१. १ महिना भित्र बुझाउन ल्याएमा १५ प्रतिशत छुट हुने ।
२. २ महिना भित्र बुझाउन ल्याएमा १३ प्रतिशत छुट हुने ।
३. ३ महिना भित्र बुझाउन ल्याएमा ११ प्रतिशत छुट हुने ।
४. ४ महिना भित्र बुझाउन ल्याएमा ९ प्रतिशत छुट हुने ।
५. ५ महिना भित्र बुझाउन ल्याएमा ७ प्रतिशत छुट हुने ।
६. ६ महिना भित्र बुझाउन ल्याएमा ५ प्रतिशत छुट हुने ।

२०७३।९।१२

....................
तहसिलदार